# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, वैशाख २४ गते २०४२ साल ( संख्या ४


## भाग ३

### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालयको सूचना

वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

देहायका जिल्लाहरूका लागि देहायबमोजिमका एक सदस्यीय वन संरक्षण विशेष अदालतहरू गठन गरिएकोले खण्ड ३३ मिति २०४०।४।१ अतिरिक्ताङ्क १३ (ग) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यससम्बन्धी यस मन्त्रालयको सूचनामा निम्नबमोजिम संशोधन गरिएको छ ।

१. क्रमसंख्या नं. १५,२३,३७,५० र ५४ को सट्टा देहायबमोजिमको नं. १५,२३, ३७,५० र ५४ राखिएको छ ।

| क्र.सं. | जिल्ला | विशेष अदालत | |
|---|---|---|---|
| १५. | दोलखा, | जिल्ला वन नियन्त्रक, | दोलखा जिल्ला वन कार्यालय । |
| २३. | काठमाडौं र भक्तपुर, | जिल्ला वन नियन्त्रक, | काठमाडौं जिल्ला वन कार्यालय । |
| ३७. | गुल्मी, | जिल्ला वन नियन्त्रक, | गुल्मी जिल्ला वन कार्यालय । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०. जुम्ला र डोल्पा, जिल्ला वन नियन्त्रक, जुम्ला जिल्ला वन कार्यालय ।

५४. अछाम, जिल्ला वन नियन्त्रक, अछाम जिल्ला वन कार्यालय ।

२. क्रमसंख्या नं. ६० पछि देहायको क्रमसंख्या नं. ६१,६२,६३,६४ र ६५ थपिएको छः–

| क्र.सं. | जिल्ला | | विशेष अदालत |
|---|---|---|---|
| ६१. | रामेछाप, | जिल्ला वन नियन्त्रक, | रामेछाप जिल्ला वन कार्यालय । |
| ६२. | ललितपुर, | जिल्ला वन नियन्त्रक, | ललितपुर जिल्ला वन कार्यालय । |
| ६३. | अर्घाखाँची, | जिल्ला वन नियन्त्रक, | अर्घाखाँची जिल्ला वन कार्यालय । |
| ६४. | कालीकोट, | जिल्ला वन नियन्त्रक, | कालीकोट जिल्ला वन कार्यालय । |
| ६५. | बाजुरा, | जिल्ला वन नियन्त्रक, | बाजुरा जिल्ला वन कार्यालय । |

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले दुर्गम क्षेत्र विकास समिति (गठन) आदेश, २०३३ को दफा ३ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको दफा ३ को उप-दफा २ बमोजिमको समितिमा देहायको अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहने गरी थपघट तथा हेरफेर गरेको छ :–

(क) माननीय पञ्चायत तथा स्थानीय विकास मन्त्री – अध्यक्ष
(ख) माननीय पञ्चायत तथा स्थानीय विकास सहायक मन्त्री – उपाध्यक्ष
(ग) राष्ट्रिय योजना आयोगको सदस्य – सदस्य
(घ) गृह मन्त्रालयको सचिव वा राजपत्राङ्कित प्रथम श्रेणी स्तरको प्रतिनिधि – सदस्य
(ङ) पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको सचिव वा राजपत्राङ्कित प्रथम श्रेणी स्तरको प्रतिनिधि – सदस्य
(च) अर्थ मन्त्रालयको सचिव वा राजपत्राङ्कित प्रथम श्रेणी स्तरको प्रतिनिधि – सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

98C

(छ) कृषि मन्त्रालयको सचिव वा राजपत्राङ्कित प्रथम श्रेणी स्तरको प्रतिनिधि — सदस्य

(ज) निर्माण तथा यातायात मन्त्रालयको सचिव वा राजपत्राङ्कित प्रथम श्रेणी स्तरको प्रतिनिधि — सदस्य

(झ) ५ विकास क्षेत्रबाट:

पूर्वाञ्चल क्षेत्रबाट श्री सोनामछिरिङ शेर्पा — सदस्य

मध्यमाञ्चल क्षेत्रबाट श्री टेकबहादुर तामाङ (जिल्ला पञ्चायत उप-सभापति धादिङ) — सदस्य

पश्चिमाञ्चल क्षेत्रबाट श्री कृष्णलाल थकाली (मुस्ताङ) — सदस्य

मध्यपश्चिमाञ्चल क्षेत्रबाट श्री रूद्रबहादुर डाँगी (डोल्पा) — सदस्य

सुदूर पश्चिमाञ्चल क्षेत्रबाट श्री नरजंग शाही (जिल्ला पञ्चायत सदस्य, बाजुरा) — सदस्य

(ञ) लामाहरूको तर्फबाट श्री लामा पासाङ (ताप्लेजुङ) — सदस्य

(ट) दुर्गम क्षेत्र विकास समितिका उप-सचिव श्री हेमन्त खरेल — सदस्य-सचिव

उपर्युक्त सदस्यहरूमध्ये खण्ड (झ) र (ञ) का सदस्यहरूको पदावधि चार वर्ष हुनेछ ।

आज्ञाले,
मुक्तिप्रसाद काफ्ले
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

मुद्रण विभाग

९८५